# नेपाल सरकार
## कृषि, भूमि व्यवस्थापन तथा सहकारी मन्त्रालय,
## प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना व्यवस्थापन इकाई, वसुन्धरा

## कृषि विश्वविद्यालय, अध्ययन संस्थान र कलेजहरूको समन्वयमा कृषि शिक्षा, अनुसन्धान र प्रसार कार्यक्रम सञ्चालन गर्न प्रस्ताव आह्वानको ३० दिने सूचना

**(पहिलो पटक प्रकाशित मिति: २०७५।०२।०६)**

यस परियोजना अन्तर्गतका सभागहरूमा व्यवसायिक कृषकहरूले भोगिरहेका समस्यामा आधारित भई अध्ययन अनुसन्धान गरी प्रविधि विकास गर्ने, विश्वविद्यालयबाट विकास गरिएका प्रविधिहरू कृषि प्रसार प्राविधिक तथा कृषकहरूमा पुऱ्याउने एवं कृषिसँग सम्बन्धित विषयमा अध्यापन कार्य गरिरहेका विश्वविद्यालय, अध्ययन संस्थानको क्षमता विकासमा सहयोग पुऱ्याउने उद्देश्यले चालु आ.व. ०७४/७५ को स्वीकृत वार्षिक कार्यक्रममा विश्वविद्यालय, अध्ययन संस्थानहरूलाई कृषि अनुसन्धान, प्रसार, शिक्षा तथा संस्थागत सुदृढीकरण कार्यका लागि अनुदान प्रवाह गर्ने कार्यक्रम रहेको छ। कृषि अनुसन्धान, प्रसार र शिक्षा कार्यक्रममा प्रत्यक्ष संलग्न नेपाल सरकारबाट पूर्ण वा आंशिक अनुदान प्राप्त विश्वविद्यालय/कृषि अध्ययन संस्थानहरूलाई नेपाल सरकारबाट स्वीकृत विश्वविद्यालय, अध्ययन संस्थान र कलेजहरूको समन्वयमा कृषि शिक्षा, अनुसन्धान र प्रसार कार्यक्रम सञ्चालन कार्यविधि २०७४ बमोजिमका शर्त तथा प्रावधानको अधिनमा रही अनुसन्धान, प्रसार, शिक्षा तथा संस्थागत सुदृढीकरणको लागि तपसिल बमोजिमका कागजातसहित कार्यक्रममा सहभागी हुन इच्छुक स्नातकोत्तर तह तथा विद्यावारिधि तहमा शोधकार्य गराउनुपर्ने अवस्थामा रहेका कृषि विश्वविद्यालय, अध्ययन संस्थानहरूबाट रितपूर्वक सिलबन्दी प्रस्ताव मिति २०७५ साल असार ३ गते आइतबार अपरान्ह १२:०० बजेभित्र पेश गर्न यो ३० दिने सूचना आह्वान गरिएको छ। विस्तृत जानकारीका लागि विश्वविद्यालय, अध्ययन संस्थान र कलेजहरूको समन्वयमा कृषि शिक्षा, अनुसन्धान र प्रसार कार्यक्रम संचालन कार्यविधि २०७४ परियोजनाको website: www.pmamp.gov.np बाट download गर्न सकिनेछ।

**संलग्न गर्नुपर्ने कागजातहरू**

१. विश्वविद्यालय, अध्ययन संस्थान र कलेजहरूको समन्वयमा कृषि शिक्षा, अनुसन्धान र प्रसार कार्यक्रम संचालन कार्यविधि २०७४ बमोजिम अनुसन्धान, प्रसार, शिक्षा तथा संस्थागत सुदृढीकरणमा अनुदान प्रवाहसम्बन्धी विषय स्पष्ट खुलेको सिलबन्दी प्रस्तावपत्र।

२. अध्ययन संस्थान र आंगिक कलेजहरूको हकमा सम्बन्धित विश्वविद्यालयको सिफारिस तथा सम्बद्धता खुल्ने आधिकारिक दस्तावेजको प्रमाणित प्रतिलिपि।

३. कृषिसँग सम्बन्धित संकायको संख्या तथा संकाय सवलता, विद्यावारिधि र स्नातकोत्तरमा अध्ययनरत शोधकार्य गर्ने अवस्थामा रहेका विद्यार्थी संख्या तथा अनुसन्धान तथा प्रसारको संस्थागत संरचना प्रमाणित गर्नेर खुल्ने आधिकारीक प्रमाण।

प्राप्त सिलबन्दी प्रस्तावहरू उपस्थित हुन चाहने आवेदकहरूको उपस्थितिमा २०७५ साल असार ३ गते दिनको अपरान्ह २:०० बजे खोलिनेछ। यदि सो दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन सोही समयमा खोलिनेछ। प्रस्ताव खोल्दाको समयमा आवेदक वा निजको प्रतिनिधि उपस्थित नभएमा सिलबन्दी प्रस्ताव खोल्न बाधा पर्नेछैन। प्रस्ताव स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस परियोजनामा निहित रहने छ।

**यस सम्बन्धमा थप जानकारी चाहिएमा कार्यालय समयभित्र परियोजना व्यवस्थापन इकाईको टेलिफोन ०१-४३६१५२२ र ०१-४३६५३९८ एवं इमेल ठेगाना** pmamp.pmu@gmail.com **मार्फत प्राप्त गर्न सकिनेछ।**